श्री

# स्याङ्जा जिल्ला अदालत

(प्रशासन शाखा)

आ.व. – ०७७/०७८

चलानी नं. २१९८

मिति :-२०७८।०१०।०७

## श्री स्याङ्जा जिल्ला अदालतवाट मिति २०७८।१०।०७ मा जारी गरिएको सूचना!!!

नयाँ भेरियन्ट सहितको कोभिड-१९ (ओमिक्रोन) भेरिएन्टका कारण उत्पन्न बिषम् र असहज परिस्थितीका कारण यस अदालतमा कार्यरत कर्मचारीहरूमा समेत सक्रमण देखिएको र सम्मानीत सर्बोच्च अदालतको मिति २०७८।१०।०४ को कोभिड -१९ को ब्यवस्थापन र अदालतको सेवाप्रवाह सम्बन्धमा जारी परिपत्रमा उल्लेखित उच्च अदालत , जिल्ला अदालत र अन्य अदालत र न्यायाधिकरणहरूको हकमा स्थानीय परिस्थीती एवम् जोखिमको अवस्था तथा सक्रमित भएका अवस्था समेतको मूल्याङ्कनको आधारमा उपयुक्त देखिएको कामकारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धीत अदालत तथा न्यायाधिकरणहरूले मिलाउने भन्ने समेतका आधारमा यस स्याङ्जा जिल्ला अदालतमा हुने भिडभाडलाई आवश्यक व्यवस्थापन गरि सेवाग्राही, अदालतमा कार्यरत जनशक्ती, कानून ब्यवसायी एवम् अदालतमा आउने अन्य सरोकारवालाहरूको स्वास्थ्य , सुरक्षा र रोग संक्रमणको जोखिम न्यूनीकरण गर्न अत्यावश्यक भएको हुँदा अदालतवाट प्रवाह हुने सेवाहरूमा संकुचन गराउन आवश्यक रहेकाले यस अदालतको मिति २०७८।१०।०७ को पूर्ण बैठकवाट मिति २०७८।१०।०९ गते आइतवार देखी २०७८।१०।१४ गते शुक्रवार सम्मका लागि देहायबमोजिमका काम कारवाही तथा सेवाहरू मात्र प्रवाह गर्ने निर्णय गरिएको हुँदा सम्बन्धीत सम्पूर्णमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सेवा प्रवाह हुने कार्यहरू**

- बन्दीप्रत्यक्षीकरणको निबेदन
- कोभिड-१९ सँग सम्बन्धित निबेदन दर्ता र सुनुवाई सम्बन्धी कार्य
- अभियुक्त हिरासतमा रहेका मुद्दाको अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेशको कार्य एवं फरार प्रतिवादी आफै वा प्रहरीद्वारा उपस्थित गराइएमा बयान तथा थुनछेक कार्य
- मुलुकी फौजदारी कार्यबिधी संहिता, २०७४ को दफा १५५ नं का निबेदन
- पक्राउ पूर्जी जारी गर्ने , पक्राउ पूर्जीको अनुमती, जरूरी पक्राउ पूर्जी सदर र म्याद थप सम्बन्धी कार्य, कल डिटेल्स अनुमती दिने कार्य
- कसुर कायम भई सजाय निर्धारणको लागि तोकिएका सरकारवादी फौजदारी मुद्दाहरूको सुनुवाई
- बाल सुधार गृहमा रहेका बालबालिका अभिभावक जिम्मा लगाउने सम्बन्धी निबेदन सुनुवाई
- फैसला कार्यान्वयन सम्बन्धी थुनुवा/कैदीका निबेदन दर्ता र सुनुवाई
- थुनुवा प्रतिवादी भएका सरकारवादी फौजदारी मुद्दा सुनुवाइ गर्ने
- चालु मुद्दाको मुद्दा फिर्ता , मिलापत्र , डिसमिस र तामेली

**नोटः-काम कारवाही तथा सेवा प्रवाह स्थगन भएको उक्त अबधी भित्रको मुद्दा, रिट तथा निबेदनहरूमा रहेको हदम्याद , म्याद तारेख नगुज्रीने ।**

**पुनश्च – यसवाट सेवाग्राहीमा पर्न गएको असुबिधाको लागि स्याङ्जा जिल्ला अदालत क्षमा प्राथी छौ ।**